**अनुसूची २**

**(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)**

# चुमनुब्री गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ९ संख्या : १६ मिति : २०८३/०३/१७

**भाग-१**

## चुमनुब्री गाउँपालिका गाउँसभा १९ औ अधिवेशन मिति २०८३ असार ९ गतेका निर्णयहरू

**चुमनुब्री गाउँपालिका**
**सिर्दिवास, गोरखा**
**गण्डकी प्रदेश**

## चुमनुब्री गाउँपालिका गाउँसभा १९ औ अधिवेशन मिति २०८३ असार ९ गतेका निर्णयहरू

मिति २०८३।०३।०९ गतेको सभाका कार्यसूची तथा प्रस्तावहरू

१. आ.व.२०८३।८४ को नीति तथा कार्यक्रम सम्बन्धमा।
२. आ. व २०८३।८४ को वार्षिक बजेट सम्बन्धमा।
३. आर्थिक विधेयक २०८३ र विनियोजन विधेयक २०८३ सम्बन्धमा।
४. समितिका निर्णय तथा प्रतिवेदन सम्बन्धमा।
५. चुमनुब्री गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८३ सम्बन्धमा।

**निर्णयहरू:**

**माथि उल्लेखित प्रस्तावहरू छलफल गरी सर्वसम्मतले तपसिलका निर्णयहरू गरियो।**

१. चुमनुब्री गाउँपालिकाका अध्यक्ष श्री निमा लामाद्धारा चुमनुब्री गाउँपालिकाको आर्थिक वर्ष २०८३।८४ को नीति तथा कार्यक्रम सभामा पेश गर्ने र छलफल गर्ने।

२.चुमनुब्री गाउँपालिकाको आर्थिक वर्ष २०८३।८४ को तपसिलको बार्षिक बजेट चालु बजेट रू २९,२२,३०,०००.००, पुँजीगत बजेट रू १८,२१,००,०००.०० गरी कुल बजेट रू ४७,४३,३०, ०००.०० (सड्चालिस करोड त्रिचालिस लाख तीस हजार रूपैया मात्र) ( राजश्व, व्यय तथा वित्तीय व्यवस्थाको अनुमान), वार्षिक विकास कार्यक्रम, मध्यकालिन खर्च संरचना सभामा पेश गर्ने र छलफल गर्ने।

३. चुमनुब्री गाउँपालिकाको आर्थिक वर्ष २०८३।८४ को अर्थ सम्बन्धी व्यवस्था भएको आर्थिक विधेयक २०८३ र विनियोजन विधेयक २०८३ सभामा पेश गर्ने र छलफल गर्ने।

४. चुमनुब्री गाउँपालिकाको आर्थिक वर्ष २०८३।८४ को वार्षिक नीति तथा कार्यक्रम तर्जुमा, वार्षिक कार्यक्रम तयारी तथा आय व्यय अनुमान, राजश्वका दर तथा क्षेत्रगत कार्यक्रम निर्धारणका सम्बन्धमा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, स्थानीय राजश्व परामर्श समिति तथा आर्थिक विकास समिति, पूर्वाधार विकास समित, सामाजिक विकास समिति, सँस्थागत विकास तथा सशासन समिति र वातावरण तथा विपद व्यवस्थापन समितिबाट पारित भएका निर्णय तथा प्रतिवेदन कार्यपालिकाबाट पेश भए अनुसार अनुमोदन गर्ने।

५.स्थानीय सञ्चित कोषको सञ्चालन तथा व्यवस्थापन, बजेट तर्जुमा, निकासा तथा खर्च, आर्थिक कारोबारको लेखाङ्कन तथा प्रतिवेदन, आन्तरिक नियन्त्रण प्रणाली, लेखापरीक्षण तथा अन्य आर्थिक क्रियाकलापलाई नियमित र व्यवस्थित गरी स्थानीय वित्तीय व्यवस्थापन प्रणालीलाई पारदर्शी, नतिजामूलक तथा उत्तरदायी बनाउने सम्बन्धमा आवश्यक व्यवस्थापन गर्न वाञ्छनीय भएकोले चुमनुब्री गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८३ गाउँसभामा पेश गर्न स्विकृती प्रदान गर्ने।

आज्ञाले
मनोज लामिछाने
प्रमुख प्रशासकीय अधिकृत